बैठक संख्या : ७

आज मिति २०८१ साल मंसिर २६ गते बुधवार विहान ८:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा मगर | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री हरि प्रसाद भुसाल | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री सुरेन्द्र पोखरेल | बरिष्ठ लेखा सहायक |
| श्री सन्तोष सुवेदी | कम्प्यूटर अपरेटर |

**निर्णय नं १ :** विहादी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **सेवा र परामर्श खर्च** शिर्षककमा विनियोजित बजेटबाट विहादी गाउँपालिका अन्तर्गत कालिगण्डकीँ नदीको नदिजन्य पदार्थ उत्खनन् को लागि प्राविधिक स्टिमेट अनुसार बढीमा चार लाख रुपैयाँ नबढ्ने गरि बातावरणीय प्रभाव मूल्यांकन (IEE) को प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २ :** विहादी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना (MTEF) र आवधिक योजना निर्माण गर्नको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ बमोजिम प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :** विहादी गाउँपालिकाको पशु विकास शाखाबाट सञ्चालन हुने हलगोरु पाल्ने कृषकलाई अनुदान उपलब्ध गराउन **हलगोरु पाल्ने कृषकलाई उपलब्ध गराउने अनुदान कार्यक्रम संचालन मापदण्ड, २०८१** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** गाउँपालिका अन्तर्गतका कृषकहरुलाई अनुदानमा हाईटेक टनेल उपलब्ध गराउन **हाईटेक टनेल निर्माणको लागि कृषक छनौट सम्बन्धी मापदण्ड, २०८० मा पहिलो संशोधन** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** विहादी गाउँपालिकाको पशु विकास शाखाबाट पशु स्वास्थ्य सम्बन्धी औषधि वितरणमा नेपाल सकारद्धारा २०७० फागुन १ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको गैरकर राजस्वका दरहरुमा परिमार्जन प्रस्तावको प्रस्ताव नं ५ मा उल्लेखित पशु स्वावस्थ्य सेवा शुल्क बमोजिमको शुल्क लिई औषधि वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** पशु विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रम अनुसार विहादी गाउँपालिका अन्तर्गतका पशु पालक कृषकहरुलाई ७ दिने बाख्रा पालन सम्बन्धी तालिम पशु विकास शाखाद्वारा वडा नं २ बर्राचौर र वडा नं ६ शालिग्राममा सञ्चालन गर्ने निर्णय गरियो ।